# हेटौंडा क्याम्पस शैक्षिक प्रशासन नियमावली
# २०६७

तेस्रो संशोधन २०७७

## हेटौंडा क्याम्पस, हेटौंडा -४, मकवानपुर

**शैक्षिक प्रशासन नियमावली संशोधन उपसमिति- २०७७**

| | |
|---|---|
| १) श्री प्रदिप कोइराला | - संयोजक |
| २) श्री भगवति पुडासैनी | - सदस्य |
| ३) श्री नमुना पाण्डे | - सदस्य |
| ४) श्री शिवराज पराजुली | - सदस्य |
| ५) श्री भुपेन्द्र कोइराला | - सदस्य |
| ६) श्री प्रकाश दहाल | - सदस्य |
| ७) श्री देवचन्द्र मानन्धर | - सदस्य सचिव |

सञ्चालक समितिबाट पारित मिति: २०७७/१०/१८ गते

## विषय सूचि


| विषय | पेज |
|---|---|
| **परिच्छेद १** | **१-२** |
| प्रारम्भिक | |
| १) सङ्क्षिप्त नाम र प्रारम्भ | १ |
| २) परिभाषा | १ |
| ३) कार्यालय तथा क्याम्पस सीमा क्षेत्रमा अवाञ्छनीय गतिविधि गर्न नपाइने | २ |
| परिच्छेद २ | २-३ |
| क्याम्पस सङ्गठन, क्याम्पस सभा, सञ्चालक समिति, क्याम्पस सेवा समिति | |
| ४) क्याम्पस सङ्गठन | २ |
| ५) क्याम्पस सभाको बैठक | २ |
| ६) सञ्चालक समितिको बैठक | ३ |
| ७) क्याम्पस सेवा समिति | ३ |
| परिच्छेद – ३ | ३-५ |
| शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, नियुक्ति, सेवा सुविधासम्बन्धी व्यवस्था | |
| ८) शिक्षकको पद/तह वर्गीकरण | ३ |
| ९) शैक्षिक योग्यता | ४ |
| १० कर्मचारीहरूको पद वर्गीकरण | ४ |
| ११) दरबन्दी | ४ |
| १२) नियुक्ति प्रक्रिया | ४ |
| **परिच्छेद ४** | **५-६** |
| पदाधिकारीहरूको सेवा सर्त र सुविधाहरू | |
| १३) सेवा सर्तहरू | ५ |
| १४) सुविधा | ५ |
| १५) क्याम्पस प्रमुखको सेवा सर्त तथा सुविधा | ५ |
| **परिच्छेद ५** | **६-९** |
| शिक्षक तथा कर्मचारीहरूको सेवा, सुविधा तथा काम कर्तव्य | |
| १६) शिक्षकका सेवाका सर्तहरू | ६ |
| १७) शिक्षक तथा कर्मचारीको सुविधासम्बन्धी व्यवस्था | ६ |
| **परिच्छेद ६** | **७-९** |
| **बिदासम्बन्धी व्यवस्था** | |
| १८) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले पाउने बिदा सुविधा | ७ |
| १९) बिदा स्वीकृत गर्ने अधिकारी | ८ |
| २०) बिदा पूर्व स्वीकृत हुनुपर्ने | ८ |
| २१) बदा अस्वीकृत हुने | ८ |
| २२) बिदा अधिकारको रूपमा नहुने | ८ |
| **परिच्छेद ७** | **८-९** |

शिक्षक एवं कर्मचारीको बढुवासम्बन्धी व्यवस्था
२३) बढुवासम्बन्धी व्यवस्था ८
परिच्छेद ८ ९-९
शिक्षक एवं कर्मचारीको अवकाशसम्बन्धी व्यवस्था
२४) अवकाश ९
२५) पूर्व सूचना दिनुपर्ने ९
परिच्छेद ९ ९-१२
आचार संहिता, पुरस्कार तथा सजाय र पुनरावलोकनसम्बन्धी व्यवस्था
२६) शिक्षक तथा कर्मचारीको आचार संहिता ९
२७) पुरस्कारसम्बन्धी व्यवस्था १०
२८) शिक्षक, कर्मचारीलाई दण्ड/सजाय गर्न सकिने १२
२९) शिक्षक तथा कर्मचारीलाई सामान्य दण्ड/सजाय गर्न सकिने अवस्था ११
३०) शिक्षक तथा कर्मचारीलाई विशेष सजाय गर्न सकिने अवस्था ११
३१) तलबबाट कट्टा गरी असुल गर्न सकिने ११
३२) निलम्बनमा राखी कारबाही गर्न सकिने ११
३३) दण्ड/सजायसम्बन्धी कार्यविधि ११
३४) सजाय गर्ने अधिकारी ११
३५) पुनरावेदनसम्बन्धी व्यवस्था १२
३६) विद्यार्थीको आचार संहिता र कारबाहीसम्बन्धी व्यवस्था १२
परिच्छेद १० १२-१३
विद्यार्थी भर्ना तथा छात्रवृत्तिसम्बन्धी व्यवस्था
३७) विद्यार्थी भर्ना १२
३८) छात्रवृत्ति १२
परिच्छेद – ११ १३-१३
प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ तथा स्वतन्त्र विद्यार्थी युनियनसम्बन्धी व्यवस्था
३९) प्राध्यापक सङ्घ १३
४०) कर्मचारी सङ्घ १३
४१) स्वतन्त्र विद्यार्थी युनियन १३
परिच्छेद – १२ १४-१४
४२) व्यक्तिगत अभिलेखसम्बन्धी व्यवस्था १४
परिच्छेद – १३ १४-१७
विविध
४३) नियमावलीको व्याख्या १४
४४) विनियम तथा निर्देशिका बनाउन सकिने १४
४५) स्वीकृति लिनुपर्ने १४
४६) काजमा खटाउन सकिने १४
४७) पोसाक दिन सकिने १५
४८) क्याम्पस समय १५

४९) शिक्षकहरूको कक्षा भार १५
५०) विषय थप-घट, गाभ्न-हटाउन तथा कन्ट्र्याक्टमा पढाउन सकिने १६
५१) पुस्तकालयसम्बन्धी व्यवस्था १६
५२) नियमावली संशोधन १६
५३) खारेजी बचाउ १६

# हेटौंडा क्याम्पस, हेटौंडा
## शैक्षिक प्रशासनिक नियमावली, २०६७
तेस्रो संशोधन २०७७

हेटौंडा क्याम्पसको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधान, २०६४ परिच्छेद ६ को दफा ५१ ले दिएको अधिकारप्रयोग गरी शैक्षिक तथा प्रशासनिक व्यवस्थालाई समयानुकूल बनाई पारदर्शी ढङ्गबाट क्याम्पस सञ्चालन गर्ने उद्देश्यले देहायबमोजिमको शैक्षिक प्रशासनिक नियमावली तर्जुमा गरिएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१) सङ्क्षिप्त नाम र प्रारम्भ

क) यस नियमावलीको नाम हेटौंडा क्याम्पस शैक्षिक प्रशासनिक नियमावली '२०६७' रहेको छ ।

ख) यो नियमावली हेटौंडा क्याम्पस, हेटौंडाका क्याम्पस सञ्चालक समितिले स्वीकृत गरेको मितिबाट लागू हुने छ ।

ग) यो नियमावली क्याम्पस सञ्चालक समितिले पारित गरी लागू गरेको एक वर्षभित्र क्याम्पसको विधानअनुसार क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

२) परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

१) 'नियमावली' भन्नाले शैक्षिक प्रशासन नियमावलीलाई सम्झनु पर्दछ ।

२) 'क्याम्पस भन्नाले' हेटौंडा क्याम्पस हेटौंडा, मकवानपुर सम्झनु पर्दछ ।

३) 'संचालक समिति' भन्नाले विधानको दफा ९ बमोजिम गठन हुने क्याम्पस सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

४) 'अध्यक्ष' भन्नाले सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

५) 'उपाध्यक्ष' भन्नाले सञ्चालक समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

६) 'कोषाध्यक्ष' भन्नाले सञ्चालक समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

७) 'सदस्य सचिव' भन्नाले क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

८) 'सदस्य' भन्नाले विभिन्न समितिका सदस्यलाई सम्झनु पर्दछ ।

९) 'पदाधिकारी' भन्नाले सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्यहरू, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखहरूलाई सम्झनु पर्दछ ।

१०) 'क्याम्पस प्रमुख' भन्नाले क्याम्पसको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

११) 'सहायक क्याम्पस प्रमुख' भन्नाले क्याम्पसको सहायक क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

१२) 'सङ्काय प्रमुख' भन्नाले क्याम्पसमा सञ्चालित सङ्कायमा नियुक्त प्रमुख सम्झनु पर्दछ ।

१३) 'विभागीय प्रमुख' भन्नाले क्याम्पसको पठनपाठनसँग सम्बन्धित विषयगत विभागीय प्रमुखलाई सम्झनु पर्दछ ।

१४) 'प्राध्यापक/शिक्षक' भन्नाले स्थायी, पूर्णकालीन करार र आंशिक करारकारूपमा यस क्याम्पसमा शिक्षण सेवामा कार्यरत शिक्षकहरूलाई बुझाउँछ ।

१५) 'कर्मचारी' भन्नाले यस क्याम्पसमा कार्यरत स्थायी, पूर्णकालीन करार र आंशिक करारका रूपमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

१६) 'विद्यार्थी' भन्नाले क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमका विभिन्न तहमा भर्ना भई अध्ययनरत सम्पूर्ण छात्र– छात्राहरूलाई सम्झनुपर्दछ ।

१७) 'विश्वविद्यालय' भन्नाले हेटौँडा क्याम्पसलाई सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयलाई सम्झनुपर्दछ ।

१८) 'क्याम्पस प्रशासन' भन्नाले क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखहरू, सङ्काय प्रमुखहरू, विभागीय प्रमुखहरू, शाखा प्रमुखहरूको समूहलाई जनाउँदछ ।

१९) 'पूर्णकालीन' भन्नाले क्याम्पसको दरबन्दीमा कार्यरत स्थायी वा पूर्णकालीन करारमा एक सिफ्टमा पूरा समय कार्य गर्ने शिक्षक/कर्मचारीलाई जनाउँदछ ।

२०) 'प्रचलित ऐन नियम' भन्नाले त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विकास तथा समन्वय इकाइलगायतका अन्य शिक्षासम्बन्धी कार्यरत निकाय वा नेपाल सरकारले सो प्रयोजनको लागि बनाएको ऐन नियमलाई जनाउँछ ।

३) कार्यालय तथा क्याम्पस सीमा क्षेत्रमा अवाञ्छनीय गतिविधि गर्न नपाइने

कार्यालय तथा क्याम्पस सीमाक्षेत्रको निर्धारण क्याम्पस सञ्चालक समितिले तोकेबमोजिम हुने छ । सञ्चालक समितिले तोकेको कार्यालय वा सीमाक्षेत्रभित्र देहायमा लेखिएका कुरा गर्न गराउन पूर्ण रूपमा बन्देज गरिने छ । यदि कसैले त्यसरी निषेध गरिएको काम गरे गराएमा कसुरको मात्रा र प्रकृति हेरी सम्बन्धित निकायमार्फत दण्डजरिवाना वा अन्य कारबाही हुने छ ।

१) क्याम्पस सञ्चालक समिति वा क्याम्पस प्रमुखको इजाजतबेगर कुनै पनि किसिमको सभासम्मेलन वा नाराजुलुस गर्न,
२) कुनै पनि किसिमको मादक पदार्थ, लागू पदार्थ आदि सेवन गर्न वा बाहिर सेवन गरी तोकेको क्षेत्रमा प्रवेश वा आवत जावत गर्न,
३) कसैलाई हातपात, गाली, बेइज्जती वा असामाजिक बरव्यवहार प्रयोग गरी लेख्न वा बोल्न,
४) कुनै हात हतियार वा अवाञ्छनीय मालवस्तु लिई प्रवेश गर्न,
५) हुलहुज्जत, जबरजस्ती, दबाब, तोडफोड, कुटपिट, घेराउ तथा अभद्र व्यवहार गर्न,
६) क्याम्पसका भित्ता, कक्षाकोठा, सेतोपाटी वा कालोपाटी आदिमा जथाभावी लेख्न वा कोर्न,
७) क्याम्पस सञ्चालक समितिले तोकेको पहिरन तथा भेषभूषाभन्दा फरक भेषभूषा तथा पहिरनमा क्याम्पस प्रवेश गर्न,
८) क्याम्पस क्षेत्रभित्र रहेका सम्पत्तिहरू हानिनोक्सानी गर्न वा फोहोर मैला थुपार्न,
९) अध्ययन अध्यापनमा बाधा पर्ने गरी कुनै पनि काम कारबाहीहरू गर्न,
१०) क्याम्पसले निषेधित भनी तोकेको क्षेत्रमा कुनै पनि काम कारबाहीहरू गर्न ।

## परिच्छेद – २

## क्याम्पस सङ्गठन, क्याम्पस सभा, सञ्चालक समिति, क्याम्पस सेवा समिति

४) क्याम्पस सङ्गठन

क) क्याम्पसको सङ्गठन विधानमा तोकेबमोजिमको हुने छ ।
ख) क्याम्पस सङ्गठनको क्षेत्राधिकार विधान तथा यसै नियमावलीमा उल्लेख भए अनुसार हुने छ ।

५) क्याम्पस सभाको बैठक

१) क्याम्पस सभाको बैठक सञ्चालक समितिको निर्णयअनुसार बोलाइने छ ।

२) क्याम्पस सभा वर्षको एक पटक तर विशेष परिस्थितिमा विशेष बैठक बोलाउन सकिने छ ।

३) क्याम्पस सभा हुने मिति, स्थान र एजेन्डासहितको पत्र १५ दिनपूर्व सबै सदस्यहरूलाई उपलब्ध गराउनुपर्ने छ ।

४) क्याम्पस सभा सञ्चालनसम्बन्धी कार्य क्याम्पस प्रमुखले गर्ने छन् ।

६) सञ्चालक समितिको बैठक

१) क्याम्पसको आवश्यकताअनुसार अध्यक्षको निर्देशनअनुसार क्याम्पस प्रमुखले एजेन्डा सहितको बैठकको पूर्व सूचना दिने छन् ।

२) बैठकको निर्णय लेखन कार्य क्याम्पस प्रमुखले गर्ने छन् ।

३) विधान तथा नियमावलीले प्रस्ट्याउन नसकेका विषयवस्तु तथा क्याम्पस सञ्चालनमा बाधा आइपरेका विषयवस्तुहरू निर्णयको लागि क्याम्पस प्रमुखमार्फत प्रस्तुत हुने छ ।

४) सञ्चालक समितिले गरेका निर्णयहरू क्याम्पस प्रशासनले कार्यान्वयन गर्ने छ ।

५) सञ्चालक समितिको निर्णय प्रमाणित सञ्चालक समितिको अध्यक्षले गर्ने छ ।

७) क्याम्पस सेवा समिति

१) शिक्षक कर्मचारी नियुक्तिका लागि सञ्चालक समितिबाट विधानमा भएका व्यक्तिहरू रहेको एक क्याम्पस सेवा समिति गठन हुने छ ।

२) क्याम्पस सेवा समितिका काम, कर्तव्य र अधिकार बिधानमा उल्लेख भएअनुसार हुने छ ।

३) क्याम्पसमा आवश्यक हुने तथा रिक्त पदहरूको विवरण क्याम्पस प्रशासनले सञ्चालक समितिमा पेस गर्ने छ । समितिबाट स्वीकृत दरबन्दी प्राप्त गरेपछि सेवासमितिलाई नियमानुसार पदपूर्तिकार्य अघि बढाउन निर्देश गर्ने छ ।

४) क्याम्पस सेवा समितिले क्याम्पसको शैक्षिक कार्यक्रम सञ्चालन गर्न नियमानुसार शिक्षक र कर्मचारीहरूको नियुक्ति एवम् बढुवाको लागि सञ्चालक समितिलाई सिफारिस गर्ने छ ।

५) शिक्षक/कर्मचारी नियुक्ति गर्दा कम्तिमा १५ दिनअगाडि राष्ट्रिय दैनिक पत्रिकामा पद/तह/सङ्ख्या/शैक्षिक योग्यता तथा सेवाको किसिम, दरखास्त दिने ढाँचा, प्रतियोगिताको किसिम र मितिसमेत उल्लेख गरी सूचना प्रकाशित गरिने छ ।

६) शिक्षक/कर्मचारी रिक्त दरबन्दीमा खुल्ला तथा आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गर्दा 'त्रिभुवन विश्वविद्यालय सेवा आयोग शिक्षक/कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी संशोधित पछिल्लो कार्यविधि' को आधारमा गरिने छ । श्रेणीविहीन कर्मचारीको हकमा भने दस वर्ष सेवा गरिसकेपछि योग्यता र आवश्यकताका आधारमा एक स्तर बढुवा गर्न सकिने छ ।

७) छनौटसम्बन्धी अन्य आधारहरू क्याम्पस सेवा समितिले निर्धारण गर्ने छ ।

८) शिक्षक तथा कर्मचारीको पदोन्नतिका लागि आन्तरिक फायल बढुवाबाट गरिने छ ।

९) अन्य कुनैपनि संस्थामा स्थायी भएका शिक्षक कर्मचारीलाई यस क्याम्पसमा स्थायी गरिने छैन । स्थायी हुन चाहेमा काम गरिरहेको संस्थाको सेवाबाट राजीनामा दिनुपर्ने छ ।

१०) विधान नियमावलीमा उल्लेख नभएका विषयहरू सेवा समितिले कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

११) कुनै विषयमा अस्पष्ट भएमा वा थप व्याख्या आवश्यक परेमा सेवा समितिलाई निर्णय गर्ने अधिकार हुनेछ ।

## परिच्छेद – ३
## शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, नियुक्ति, सेवा सुविधासम्बन्धी व्यवस्था

### ८) शिक्षकको पद/तह वर्गीकरण

क्याम्पसमा कार्यरत प्राध्यापकहरूको पद/तह वर्गीकरण देहायबमोजिम हुने छ ।

१) प्राध्यापक

२) सह प्राध्यापक

३) उप प्राध्यापक

४) सहायक प्राध्यापक

५) शिक्षण सहायक/प्रशिक्षक

६) आंशिक शिक्षक

७) कोर्स कन्ट्रयाक्ट

### ९) शैक्षिक योग्यता

सेवा प्रवेशको निम्ति आवश्यक न्यूनतम शैक्षिक योग्यता 'त्रिभुवन विश्वविद्यालय सेवा आयोग तथा शिक्षक/कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी संशोधित पछिल्लो कार्यविधि'को आधारमा गरिने छ ।

### १०) कर्मचारीहरूको पद वर्गीकरण

क्याम्पसमा कर्मचारीहरूको पद वर्गीकरण देहायबमोजिम हुने छ ।

१) सह प्रशासक, रा.प. प्रथम श्रेणीसरह

२) सह आर्थिक नियन्त्रक, रा.प. प्रथम श्रेणीसरह

३) उप प्रशासक रा.प. द्वितीय श्रेणीसरह

४) लेखा नियन्त्रक, रा.प. द्वितीय श्रेणीसरह

५) सहायक प्रशासक वा सोसरह,रा.प. तृतीय श्रेणीसरह

६) लेखा अधिकृत, रा.प. तृतीय श्रेणीसरह

७) हेड असिस्टेन्ट वा सोसरह, रा.प. अनं. प्रथम श्रेणीसरह

८) लेखापाल, रा.प. अनं. प्रथम श्रेणीसरह

९) असिस्टेन्ट वा सोसरह, रा.प. अनं. द्वितीय श्रेणीसरह

१०) कार्यालय सहयोगी- बगौंचे, सुरक्षा गार्ड, चालक, प्लम्बर, इलेम्ट्रिसियन, ल्याब ब्वाइ तथा करार सेवा अन्तर्गत सफाइ मजदुर । (श्रेणी विहिन)

### ११) दरबन्दी

क्याम्पसलाई आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरूको स्थायी दरबन्दी पिरामिड शैलीमा तयार गरी क्याम्पस सञ्चालक समितिबाट पूर्व निर्धारण गरी क्याम्पस सभाबाट अनुमोदन गराई लागू गरिने छ । साथै शिक्षक तथा कर्मचारीको लियन दरबन्दीको हकमा त्रि.वि.को प्रचलित नियम बमोजिम हुनेछ ।

१२) नियुक्ति प्रक्रिया

क्याम्पसमा आवश्यक पर्ने पूर्णकालीन शिक्षक तथा कर्मचारीहरूको नियुक्ति प्रक्रिया क्याम्पस सेवा समितिको सिफारिसमा देहायबमोजिम हुने छ ।

क) स्थायी नियुक्ति

ख) पूर्णकालीन करार नियुक्ति

ग) कोर्स कन्ट्रयाक्ट, आंशिक करार शिक्षक र आंशिक करार कर्मचारीको नियुक्ति

क) स्थायी नियुक्ति

क्याम्पसमा रिक्त हुन आएको कुनै पनि स्थायी पदमा पदपूर्तिका लागि क्याम्पस सेवा समितिद्वारा पद सङ्ख्या, योग्यता र विषय खुलाई 'त्रिभुवन विश्वविद्यालय सेवा आयोग शिक्षक/कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी संशोधित पछिल्लो कार्यविधि' अनुरूप छनौट प्रक्रिया सञ्चालन गरी सो छनौटमा उत्तीर्ण व्यक्तिलाई क्याम्पस सेवा समितिको सिफारिसमा कम्तीमा एक वर्षसम्म परीक्षण कालमा रहने गरी क्याम्पस सञ्चालक समितिले स्थायी नियुक्ति गर्न सक्ने छ । स्थायी नियुक्तिका लागि पूर्णकालीन करारतर्फ अनिवार्य ४ वर्षको सेवा अवधि पुरा गरेको हुनुपर्ने छ । यद्यपि कुनै खास विषयका लागि दक्ष जनशक्ति आवश्यक परेमा सञ्चालक समितिको विशेष निर्णयबाट स्पष्ट कारण खुलाई स्थायी पदपूर्ति गर्न सकिने छ ।

ख) पूर्णकालीन करारतर्फ नियुक्ति :

क्याम्पसको लागि आवश्यक पदमा कुनै कारणवश स्थायी पदपूर्ति नहुन्जेलसम्म योग्यता पुगेका इच्छुक व्यक्तिलाई यसै नियमावलीमा उल्लेखित वर्गीकृत कुनै पनि पदहरूमा क्याम्पस सेवा समितिको सिफारिसमा सञ्चालक समितिले पूर्णकालीन करारमा नियुक्ति दिई कामकाजमा लगाउन र आवश्यकताअनुसार म्याद थप गर्नसमेत सक्ने छ । यस्तो नियुक्ति गर्दा आंशिक करारतर्फको कुल सेवा अवधिको ५० प्रतिशतका दरले जोडिने छ ।

ग) कोर्स कन्ट्रयाक्ट, आंशिक करार शिक्षक तथा कर्मचारीको नियुक्ति :

क्याम्पसलाई अति आवश्यक भई तत्काल काम चलाउन आंशिक/कोर्स कन्ट्रयाक्ट शिक्षक चाहिएमा सहायक क्याम्पस प्रमुख (शैक्षिक) को सिफारिसमा क्याम्पस प्रमुखले करारमा ६ महिनाको लागि नियुक्ति गरी कामकाजमा लगाउन सक्ने छन् । क्याम्पसलाई अति आवश्यक भई तत्काल काम चलाउन कर्मचारी चाहिएमा सहायक क्याम्पस प्रमुख (प्रशासनिक) को सिफारिसमा क्याम्पस प्रमुखले ६ महिनाको लागि आंशिक करारमा नियुक्ति गरी कामकाजमा लगाउन सक्ने छन् । साथै ६ महिनाभन्दा बढी शिक्षक/कर्मचारीहरूलाई कामकाजमा लगाउन पर्ने भएमा सञ्चालक समितिमा पेस गर्नुपर्ने छ । पूर्णकालीन करारतर्फ नियुक्ति हुने अवस्थामा आंशिक करारतर्फको कूल सेवा अवधिको ५० प्रतिशतका दरले जोडिँदै जानेछ ।

## परिच्छेद – ४
## पदाधिकारीहरूको सेवा, सर्त र सुविधाहरू

१३) सेवा सर्तहरू

क) पदाधिकारीहरू क्याम्पसको पूरा समय कार्य गर्ने हुने छन् पूरा समय भन्नाले क्याम्पसको तीनै सिफ्टको पूरा अवधि भन्ने बुझिने छ ।

ख) पदाधिकारीहरूको घर बिदासम्बन्धी सुविधा सञ्चालक समितिको निर्णयअनुसार हुने छ ।

१४) सुविधा

क) पदाधिकारीहरू नियुक्ति हुँदा आफू जुन तहमा कार्यरत छन् त्यही तहमा पदाधिकारी सुरु नियुक्ति मितिदेखि लागू हुनेगरी क्याम्पस सञ्चालक समितिले निर्धारण गरेका तलब तथा सुविधा पाउने छन् ।

ख) पदाधिकारीको पदीय भत्ता आर्थिक नियमावलीमा उल्लेख भएअनुसार हुने छ ।

ग) पदाधिकारीहरूको क्या.बि. पर्व तथा बिरामी बिदा सिफ्टअनुसार छुट्टाछुट्टै हुने छ । तर बिरामी बिदाको हकमा भने कुनै एक सिफ्टको मात्र भुक्तानी दिइने छ ।

१५) क्याम्पस प्रमुखको सेवा सर्त तथा सुविधा क्याम्पसको विधान नियमावलीको आधारमा रही सञ्चालक समितिले निर्णय गरेअनुसार हुने छ ।

## परिच्छेद – ५
## शिक्षक तथा कर्मचारीहरूको सेवा, सुविधा तथा काम कर्तव्य

१६) शिक्षकका सेवाका सर्तहरू

१) क्याम्पसमा कार्यरत स्थायी र पूर्णकालीन करार तथा पूर्णकालीन नियुक्ति भएका तथा सबै तह र प्रकृतिका शिक्षक तथा कर्मचारीहरूलाई क्याम्पसले निर्धारण गरेको तलब तथा बिदा सुविधा प्रदान गरिने छ ।

२) यो नियमावली लागू हुनुभन्दा पूर्व विभिन्न सर्तमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई यसै नियमावलीबमोजिम तत्काल कार्यरत पदमा समायोजन भएको मानिने छ ।

३) स्थायी शिक्षक तथा कर्मचारीको परीक्षण काल कम्तीमा एक वर्षको हुने छ ।

४) यस नियमावली लागू भएपछि नियुक्त हुने शिक्षक तथा कर्मचारीले स्थायी नभएसम्म ग्रेड पाउने छैनन् । खाइपाई आएको तलबमान नघट्ने गरी ग्रेडको सीमा क्याम्पसले तोकेबमोजिम समायोजन हुने छ ।

५) त्रिभुवन विश्वविद्यालयको नियमानुसार उमेरको हद पूरा भएमा, मानसिक अवस्था बिग्रेको प्रमाणित भएमा, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भएमा, भ्रष्टाचार गरेको ठहर भएमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरूलाई क्याम्पस सञ्चालक समितिले अवकाश दिने छ । साथै क्याम्पसमा रहेको सङ्काय, संस्थान र तह एवं विषय थपघट भएको खण्डमा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीलाई अवकाश दिन यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

६) शिक्षक तथा कर्मचारीलाई अवकाश दिनुपर्ने क्याम्पस सञ्चालक समितिले ठहर गरेमा शिक्षक तथा कर्मचारीलाई अवकाश दिइने छ ।

७) जेष्ठता एवं कनिष्ठताको क्रम नियुक्ति मितिले हुने छ ।

८) सङ्काय, तह वा विषय हटेका कारण अनिवार्य रूपमा बाहिरिनुपर्ने परिस्थिति आएमा सञ्चालक समितिले सम्भाव भए सम्म विषय वा क्षेत्रमा समायोजनलाई पहिलो प्राथमिकता दिने छ । साथै त्यस्तो शिक्षक तथा कर्मचारीहरूको हकमा निजले सेवा गरेको अवधिका आधारमा सञ्चालक समितिको निर्णयानुसार थप सुविधा दिन सकिने छ ।

९) नियमावली लागू भएको मितिपछि नियुक्त करार शिक्षकको ग्रेड उपलब्ध हुने छैन । तर हाल खाइपाई आएको ग्रेडको सम्बन्धमा आर्थिक नियमावलीबमोजिम हुने छ ।

१०) कुनै अन्य संस्थामा कार्यरत स्थायी वा पूर्णकालीन व्यक्तिलाई यस संस्थामा स्थायी र पूर्णकालीन करार प्रकृतिको पूर्णकालीन नियुक्ति गरिने छैन । करार/आंशिक रूपमा नियुक्ति गर्दा सम्बन्धित संस्थाको विभागीय स्वीकृति अनिवार्य रूपमा पेस गर्नुपर्ने छ ।

११) यस संस्थामा कार्यरत स्थायी वा पूर्णकालीन व्यक्तिलाई अन्य संस्थामा कार्य गर्न सञ्चालक समितिको अनिवार्य अनुमति चाहिने छ । क्याम्पसका क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, सङ्कायप्रमुखहरूले अन्य संस्थामा कार्य गर्न पूर्ण बन्देज गरिने छ ।

१२) प्रयोगात्मक विषयहरू जोडिएका विषयमा साप्ताहिक पाठ्यभार ९ (नौ) भए पनि पाठ्यभार ६ (छ) नै मान्य हुने गरी सेवा सुविधा उपलब्ध गराइने छ ।

१३) प्रयोगात्मक कक्षाको कक्षा लिँदा क्याम्पसको आर्थिक नियमावलीअनुसार प्रतिकक्षा/प्रति पिरियडअनुसार थप रकम उपलब्ध हुने छ ।

१७) शिक्षक तथा कर्मचारीको सुविधासम्बन्धी व्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चय कोष, स्वीकृत अवकाश कोष, चाडबाड खर्च, दुर्घटना बीमा, औषधोपचारलगायतका अन्य सुविधाहरू क्याम्पसको आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा तोकिएबमोजिम हुने छ ।

## परिच्छेद – ६

## बिदासम्बन्धी व्यवस्था

१८) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले पाउने बिदा सुविधा ।

शिक्षक तथा कर्मचारीले बिहान, दिवा, बेलुकी सिफ्टमा छुट्टाछुट्टै देहायबमोजिम बिदा सुविधा पाउने छन् ।

क) पर्व तथा भैपरी आउने बिदा

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले वर्षमा ६ (छ) दिन पर्व बिदा र ९ (नौ) दिन भैपरी आउने बिदा पाउने छन् । पर्व तथा भैपरी आउने बिदा सञ्चित हुने छैन ।

ख) घर बिदा

१) क्याम्पसमा कार्यरत स्थायी कर्मचारीले प्रत्येक वर्ष ३० दिनको दरले तलबी घर बिदा दरबन्दी रहेको सिफ्ट (बिहान वा साँझ)को मात्र उपभोग गर्न पाउने छन् । एक वर्षको बिदा अर्को वर्षमा सञ्चित गर्न पाइने छैन ।

२) सञ्चित घर बिदाको रकम सोही वर्षको आखिरी तलबमानको आधारमा हिसाब गरी भुक्तानी दिइने छ ।

ग) बिरामी बिदा

१) क्याम्पसमा कार्यरत स्थायी र पूर्णकालीन करार दरबन्दीका शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष १५ दिनका दरले तलबी बिरामी बिदा पाउने छन् ।

२) सञ्चित रहेको बिरामी बिदा आखिरी तलबमानको आधारमा हिसाब गरी सोही वर्षको अन्तमा भुक्तानी दिइने छ ।

घ) प्रसुति र प्रसुति सेवा बिदा

क्याम्पसमा कार्यरत स्थायी एवं करार दरबन्दीका महिला शिक्षक तथा कर्मचारीले प्रसुति हुनु अघि र पछि गरी जम्मा ७५ दिनका दरले तलबी बिदा पाउने छन् । त्यस्तो बिदा सुविधा दोश्रो सन्तानसम्मका लागि मात्र उपलब्ध गराइने छ । पुरुष शिक्षक तथा कर्मचारीको आफ्नो पत्नी प्रसुति स्याहार गरेबापत १५ दिनको प्रसुति सेवा बिदा पाउने छन् ।

ङ) किरिया बिदा

क्याम्पसमा कार्यरत स्थायी एवं करार दरबन्दीका शिक्षक तथा कर्मचारीले आफ्नो बुबा, आमा, श्रीमान्, श्रीमती, छोरा, अविवाहित छोरीको मृत्यु भएमा वा निजको कुनै आफन्तको मृत्यु भई कुल धर्मअनुसार स्वयं किरिया बस्नु परेमा बढीमा १५ दिनको तलबी किरिया बिदा पाउने छन् ।

च) अध्ययन बिदा
३ वर्ष सेवा अवधि पुगेका स्थायी शिक्षक तथा कर्मचारीले विश्वविद्यालयहरू, नेपाल सरकारका अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरी वा आफ्नो खर्चबाट अध्ययन गर्न चाहेमा सेवा अवधिभरिमा बढीमा ३ वर्षको बेतलबी अध्ययन बिदा पाउनेछन् । ६ वर्ष सेवा अवधि पुगेका स्थायी शिक्षक तथा कर्मचारीले बढीमा ३ वर्ष तलबी अध्ययन बिदा पाउनेछन । तलबी अध्ययनमा बसेमा शिक्षक तथा कर्मचारीले बिदा भुक्तान भएपछि क्याम्पसमा कम्तीमा ५ वर्षसम्म सेवा गर्ने सर्तमा मात्र बिदा स्वीकृत हुने छ । बेतलबी अध्ययन बिदामा बसेका शिक्षक, कर्मचारीलाई बिदालगायत अन्य कुनै बिदा सञ्चित हुने छैन र बेतलबीमा बसेका अवधिलाई सेवा अवधिमा गणना गरिने छैन । यद्यपि बिदावारीधि अध्ययनलाई ४ महिना, एम.फिल. अध्ययनलाई २ महिना र कर्मचारीहरूको क्षमता अभिवृद्धि अध्ययन बिदालाई २ महिना तलबी बिदा (बढीमा २ पटक) पाउन उल्लिखित नियममा बाधा मानिने छैन । अनुसन्धान कार्यलाई प्राथमिकता दिन क्याम्पसमा कार्यरत पूर्णकालीन तथा स्नातकोत्तर तहमा अध्यापनरत शिक्षकले हरेक वर्ष कम्तिमा १ वटा अनुसन्धानात्मक लेख अनिवार्य तयार गरी जर्नलमा प्रकाशित गर्नुपर्ने छ । यसका लागि अनुसन्धानकर्ता शिक्षकलाई बढीमा ७ दिनको अनुसन्धान कार्यका लागि बिदा उपलब्ध गराउन यस नियमले बाधा पुऱ्याइएको मानिने छैन ।

छ) काज बिदा
त्रिभुवन विश्वविद्यालय वा अन्य निकायबाट आयोजना गरिएको तालिम, कार्यशाला गोष्ठीमा सहभागी हुने शिक्षक तथा कर्मचारीहरूलाई बढीमा ३५ दिनसम्म काजमा खटाउन सकिने तर त्यसरी काज खटिई जाने शिक्षक तथा कर्मचारीहरूलाई क्याम्पसले संस्था विशेषको कामको लागि टि.ए., डि.ए. सुविधा दिने छैन। तर क्याम्पसले स्वयं पठाएका व्यक्तिलाई टि.ए., डि.ए. तथा अन्य सुविधा उपलब्ध गराउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

ज) असाधारण बिदा
कम्तीमा ५ वर्ष स्थायी सेवा पूरा भएका शिक्षक एवं कर्मचारीहरूलाई तमाम नोकरी अवधिमा एक पटकमा १ वर्षमा नबढाई बढीमा ३ वर्षको बेतलबी असाधारण बिदा दिन सकिने छ । यस्तो बिदामा बसेको शिक्षक तथा कर्मचारीले बिदालगायत अन्य कुनै सुविधा पाउने छैनन् । असाधारण बिदामा बसेको अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

## १९) बिदा स्वीकृत गर्ने अधिकारी

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीको घर बिदा, बिरामी बिदा, पर्व तथा भैपरी आउने बिदा, प्रसुति बिदा, प्रसुति स्याहार बिदा, किरिया बिदा, काज बिदा र अनुसन्धान कार्यका लागि बिदा क्याम्पस प्रमुखले तथा अध्ययन बिदा, असाधारण बिदा लगायत अन्य बिदा क्याम्पस सञ्चालक समितिले स्वीकृत गर्ने छ । क्याम्पस प्रमुखको हकमा घर बिदा, बिरामी बिदा, असाधारण बिदा, पर्व तथा भैपरी आउने बिदा, प्रसुति बिदा, किरिया बिदा सञ्चालक समितिले स्वीकृत गर्ने छ । तर एक पटकमा बढीमा ६ दिनसम्म क्याम्पस प्रमुखले आफ्नो घर बिदा, बिरामी बिदा, पर्व बिदा, अनुसन्धान कार्यका लागि बिदा वा भैपरी आउने बिदा जनाई बिदामा बस्न यस नियमले बाधा पार्ने छैन ।

## २०) बिदा पूर्व स्वीकृत हुनुपर्ने

भैपरी, बिरामी, किरिया, प्रसुति, प्रसुति स्याहार बिदाबाहेक अन्य बिदाहरू पूर्व स्वीकृति गराई मात्र बस्नु पर्ने छ ।

## २१) बिदा अस्वीकृत हुने

बिदा माग भई आएको समयमा क्याम्पसको आवश्यकता र तत्कालीन अवस्था हेरी निश्चित समय र अवधिका लागि मनासिव कारण खुलाई बिदा स्वीकृत गर्ने अधिकारीले माग भएको बिदा अस्वीकृत गर्न सक्ने छ ।

२२) बिदा अधिकारको रूपमा नहुने

यस नियमावलीमा उल्लिखित बिदाहरू अधिकारको रूपमा नभई सुविधाको रूपमा मानिनेछ । माथिका सम्पूर्ण बिदाहरू नियमावली लागूपश्चात् समायोजन गरिने छ ।

## परिच्छेद – ७

## शिक्षक एवं कर्मचारीको बढुवासम्बन्धी व्यवस्था

२३) बढुवासम्बन्धी व्यवस्था

क्याम्पसमा कार्यरत स्थायी शिक्षक एवं कर्मचारीहरूको रिक्त दरबन्दीमा बढुवा गर्दा उच्च शैक्षिक योग्यता, प्राज्ञिक क्षमता र अनुभव तथा कर्मचारीको बढुवा गर्दा उच्च शैक्षिक योग्यता, प्रशासनिक दक्षता र अनुभवलाई मुख्य आधार बनाइ आन्तरिक प्रतिस्पर्धाबाट गरिने छ । साथै शिक्षक तथा कर्मचारीहरूको बढुवा प्रक्रिया 'त्रिभुवन विश्वविद्यालय सेवा आयोग शिक्षक कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी संशोधित पछिल्लो कार्यविधि'को आधारमा क्याम्पस सेवा समितिबाट सिफारिस भई क्याम्पस सञ्चालक समितिबाट हुने छ ।

## परिच्छेद – ८

## शिक्षक एवं कर्मचारीको अवकाशसम्बन्धी व्यवस्था

२४) अवकाश

नियमावलीमा अन्यत्र व्यवस्था भएबाहेक क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीलाई देहायबमोजिम अवकाश दिन सकिने छ :

क) अनिवार्य अवकाश क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीलाई ६३ वर्ष उमेर पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश दिइने छ ।

ख) स्वैच्छिक अवकाशः- क्याम्पसमा २० वर्षसम्म पूर्णकालीन वा स्थायी अटुट सेवा गरेका शिक्षक तथा कर्मचारीले स्वैच्छिक अवकाशको लागि क्याम्पस सञ्चालक समितिसमक्ष माग गर्न सक्ने छन् । यसरी स्वैच्छिक अवकाश माग भएकोमा क्याम्पस सञ्चालक समितिले क्याम्पसको आर्थिक अवस्था, निजको आवश्यकता आदि पक्षलाई विचार गरी थप सुविधा दिने वा नदिने गरी स्वेच्छिक अवकाश सम्बन्धमा निर्णय लिन सक्ने छ ।

२५) पूर्व सूचना दिनुपर्ने

स्वैच्छिक अवकाश लिन चाहने शिक्षक तथा कर्मचारीले अवकाश लिन चाहेको ३ महिना अगावै पूर्व सूचना दिनु पर्ने छ । त्यस्तो सूचना नदिएको खण्डमा क्याम्पस सञ्चालक समितिले निजको तीन महिनाको तलब तथा अन्य सुविधा कट्टा गरी अवकाश दिन सक्ने छ ।

## परिच्छेद – ९

## आचार संहिता, पुरस्कार तथा सजाय र पुनरावलोकनसम्बन्धी व्यवस्था

२६) शिक्षक तथा कर्मचारीको आचार संहिता

देहायको आचार संहिताको पालना गर्नु प्रत्येक शिक्षक तथा कर्मचारीको कर्तव्य हुने छ ।

क) समयपालन र नियमितता: शिक्षक तथा कर्मचारीहरूले क्याम्पसले तोकेको समयमा क्याम्पसमा उपस्थित हुनुपर्ने छ ।

ख) गोपनीयता भङ्ग गर्न नहुने: शिक्षक तथा कर्मचारीहरूले क्याम्पस प्रमुखको पूर्व स्वीकृति नलिई आफूले काम गर्दा प्राप्त गरेको वा आफूले लेखेको वा सङ्कलन गरेको क्याम्पससँग सम्बन्धित कुनै कागजपत्र, वृतान्त वा त्यस्तै अन्य कुराहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनैपनि अनधिकृत व्यक्तिहरूलाई दिन वा सञ्चारका माध्यमबाट सूचित गर्नुहुँदैन ।

ग) आफै निर्णय लिन नहुने: शिक्षक तथा कर्मचारीहरूले आफ्नो नाता पर्ने शिक्षक तथा कर्मचारीका बारेमा आफैँ निर्णय लिनुहुँदैन ।

घ) आफ्नो सेवा र पदअनुसारको आचरण गर्नुपर्ने: शिक्षक तथा कर्मचारीहरूले क्याम्पस भित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहनेगरी आफ्नो आचरण शुद्ध, उच्च, पवित्र एवं मर्यादित राख्नु पर्ने छ ।

ङ) क्याम्पसलाई सहयोग गर्नुपर्ने: विद्यार्थीलाई शैक्षिक/प्राज्ञिक तथा अनुशासनसम्बन्धी सल्लाह दिनु, क्याम्पसमा आइपरेका समस्याहरूको समाधानमा सहयोग गर्नु तथा क्याम्पसको मर्यादा र प्रतिष्ठा वृद्धि गर्न प्रयत्नशील रहनु सबै शिक्षक तथा कर्मचारीको कर्तव्य हुने छ ।

च) हानि-नोक्सानी गर्न नहुने : क्याम्पसको कुनै सम्पत्तिमा हानि-नोक्सानी गर्नु गराउनु हुँदैन।

छ) भ्रष्टाचार गर्न नहुने: शिक्षक तथा कर्मचारीले आफूलाई गैरकानूनी लाभ र क्याम्पसलाई गैरकानूनी हानि हुने भ्रष्टाचार वा त्यस्तै प्रकृतिका अन्य कार्य गर्नु हुँदैन।

ज) ऐन नियमको पालना गर्नुपर्ने: शिक्षक तथा कर्मचारीले प्रचलित ऐन, नियम र क्याम्पसको विधान तथा नियमावलीको पूर्ण पालना गर्नुपर्ने छ ।

झ) उचित आदर र व्यवहार गर्नुपर्ने: शिक्षक तथा कर्मचारीहरूले आफूमाथिका तथा आफ्ना स्तरका सबैप्रति उचित आदर गर्नुपर्ने छ । आफूभन्दा मुनिका शिक्षक तथा कर्मचारी प्रति पनि उचित व्यवहार गर्नुपर्ने छ ।

ञ) व्यावसायिक नैतिकता कायम राख्नु पर्ने: कसैले व्यावसायिक प्रकृतिको कामकाज गर्दा विश्वविद्यालय, प्रचलित नेपाल कानून तथा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाद्वारा प्रतिपादित व्यावसायिक नैतिकता र आचार संहिताको पालना गर्नुपर्ने छ ।

ट) अवाञ्छनीय प्रभाव पार्न नहुने: शिक्षक तथा कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कुनै पनि शिक्षक तथा कर्मचारीमाथि प्रभाव पार्नु वा प्रभाव पार्न प्रयत्न गर्नु हुँदैन ।

ठ) अपराधलाई प्रश्रय दिन नहुने: कुनै अपराधलाई प्रश्रय हुने गरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउनु हुँदैन ।

ड) तोकिएको काम पूरा गर्नु पर्ने: शिक्षकहरूले क्याम्पसले तोकेबमोजिमका प्राज्ञिक कार्यहरू गर्नुपर्ने छ । कर्मचारीहरूले कार्य विवरणअनुसारको र तोकिएको अन्य कार्यहरू गर्नु पर्ने छ । घर बिदा तथा मासिक भत्ता पाउने पदाधिकारी, शिक्षक कर्मचारीले अन्य सङ्घ संस्थामा कार्य गर्न पाउने छैन ।

ढ) निर्वाचनमा उम्मेदवार हुन नहुने: कुनै पनि शिक्षक तथा कर्मचारीहरूले संसदीय निर्वाचन (प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा, स्थानीय निकायको चुनाव) मा उम्मेदवार हुनु हुँदैन । उम्मेदवार हुन चाहेमा आफ्नो उम्मेदवारी मनोनयन पत्र दाखिला गर्नुभन्दा पहिले शिक्षक कर्मचारीहरूले क्याम्पसको सम्बन्धित पद तथा जिम्मेवारीबाट राजिनामा दिइ बिधानमा उल्लेखित साङ्गठनिक तालिकाअनुसार उत्तरदायी भई काम गर्नुपर्ने छ ।

ण) क्याम्पसमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरूले क्याम्पसको विधानमा उल्लेखित साङ्गठनिक तालिकाअनुसार उत्तरदायी भई काम गर्नु पर्ने छ ।

## २७) पुरस्कारसम्बन्धी व्यवस्था

वार्षिक रूपमा कार्य सम्पादन मूल्याङ्कनका आधारमा शिक्षक (सङ्कायगत), कर्मचारीहरूलाई प्रोत्साहनस्वरूप पुरस्कार प्रदान गरिने छ । मूल्याङ्कनका आधारहरू क्याम्पस सञ्चालक समितिले स्वीकृत गर्ने छ । स्वीकृत मापदण्डका आधारमा शिक्षक तथा कर्मचारीहरूलाई पुरष्कृत गर्नका लागि क्याम्पस प्रशासनले क्याम्पस समितिसमक्ष सिफारिस गर्ने छ । यसरी प्रदान गरिने पुरस्कारको हद एकपटकमा रु.१०,०००/- (अक्षरेपी दस हजार) सम्मको हुने छ । पुरष्कृत गर्दा क्याम्पसको वार्षिक उत्सव वा अन्य कुनै विशेष समारोहको अवसर पारिने छ ।

## २८) शिक्षक, कर्मचारीलाई दण्ड/सजाय गर्न सकिने

उचित र पर्याप्त कारण भएमा शिक्षक तथा कर्मचारीहरूलाई देहायबमोजिमको दण्ड/सजाय गर्न सकिने छ ।

क) सामान्य दण्ड/सजाय :

१) नसिहत दिने, स्पष्टीकरण सोध्ने,

२) बढीमा दुई वर्षको तलब वृद्धि, (ग्रेड) रोक्का गर्ने,

३) बढीमा दुई वर्षको लागि बढुवा रोक्का गर्ने ।

ख) विशेष दण्ड/सजाय :

१) भविष्यमा क्याम्पस सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

२) भविष्यमा क्याम्पस सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

## २९) शिक्षक तथा कर्मचारीलाई सामान्य दण्ड/सजाय गर्न सकिने अवस्था

देहायबमोजिमको अवस्थामा शिक्षक तथा कर्मचारीहरूलाई सामान्य सजाय गर्न सकिने छ ।

१) काम सन्तोषजनक नभएमा,

२) पूर्व स्वीकृतिबेगर क्याम्पसमा बारम्बार अनुपस्थित भएमा,

३) अनुशासनहीन काम गरेमा,

४) बरबुझारथ नगरेमा,

५) क्याम्पसले लाए अह्राएका कामहरू नगरेमा,

६) क्याम्पस समयभित्र निरन्तर उपस्थित नभएमा ।

## ३०) शिक्षक तथा कर्मचारीलाई विशेष सजाय गर्न सकिने अवस्था

देहायबमोजिमको अवस्थामा शिक्षक तथा कर्मचारीहरूलाई विशेष सजाय गर्न सकिने छ ।

१) पदीय जिम्मेवारी बारम्बार उल्लङ्घन गरेमा,

२) कार्यक्षमताको अभाव भएमा,

३) भ्रष्टाचार गरे गराएको प्रमाणित भएमा,

४) आचरणसम्बन्धी नियमहरू बारम्बार उल्लङ्घन गरेमा वा पालना नगरेमा,

५) बिना सूचना लगातार ३० दिनसम्म क्याम्पसमा अनुपस्थित भएमा,

६) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार सावित भई कैदको सजाय पाएमा बर्खास्त गर्ने,

७) मानसिक स्थिति ठीक नभई कर्तव्य र जिम्मेवारी पूरा गर्न असमर्थ भएमा ।

सामान्य दण्ड सजाय सम्वन्धित सहायक क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस प्रमुखले र विशेष दण्ड सजाय क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले गर्ने छ ।

## ३१) तलबबाट कट्टा गरी असुल गर्न सकिने

लापरवाही गरी वा प्रचलित ऐन, नियम उल्लङ्घन गरी क्याम्पसलाई हुन पुगेको क्षति सम्बन्धित शिक्षक तथा कर्मचारीको तलब वा घरघरानासमेतबाट असुल उपर गर्न सकिने छ ।

## ३२) निलम्बनमा राखी कारबाही गर्न सकिने

निलम्बन नगरी कार्य गर्न दिंदा झुटो सबुत सङ्कलन गर्न सक्ने वा आफूविरुद्धको सबुत प्रमाण गायब गर्न वा क्याम्पसलाई हानिनोक्सानी हुने सम्भावना देखिएमा वा कारबाहीमा बाधा पुग्ने देखिएमा शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राखी कारबाही गर्न सकिने छ । सामान्यतया तीन महिनाभन्दा बढी अवधि निलम्बनमा राखिने छैन । निलम्बन फुकुवा भएमा तलबसमेत भुक्तानी गरिने छ ।

### ३३) दण्ड/सजायसम्बन्धी कार्यविधि

दण्ड/सजाय दिने अधिकारीले शिक्षक तथा कर्मचारीलाई यस नियमावलीमा उल्लेख भएबमोजिमको सजाय गर्नु परेमा सजायको आदेश दिनुपूर्व सफाइको लागि मनासिव मौका दिनु पर्ने छ । तोकिएको समयभित्र सफाइ पेस नभएमा वा सजाय गर्ने अधिकारीलाई पेस भएको सफाइ मनासिव नलागेमा सोही व्यहोरा उल्लेख गरी सजायको आदेश दिन सक्ने छ ।

### ३४) सजाय गर्ने अधिकारी

यस नियमावलीबमोजिम कसैलाई सजाय गर्नु परेमा शिक्षक र कर्मचारीहरूको हकमा सम्बन्धित सहायक क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस प्रमुखले सामान्य सजाय गर्न सक्ने छ। सहायक क्याम्पस प्रमुख, सङ्काय प्रमुख एवं विभागीय प्रमुखको हकमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले सामान्य सजाय गर्न सक्ने छ र क्याम्पस प्रमुखको हकमा सञ्चालक समितिले सजायको कारबाही गर्ने छ। तर विशेष सजायको हकमा सञ्चालक समितिलाई अन्तिम अधिकार हुने छ ।

### ३५) पुनरावेदनसम्बन्धी व्यवस्था

सजाय गर्ने अधिकारी वा निकायले गरेको सजायमा चित्त नबुझे क्याम्पस प्रमुखले सजाय गरेको भए सजाय पाएको मितिले सात दिनभित्र आफू सजायको भागी नहुनुपर्ने सबुत प्रमाण राखी क्याम्पस सञ्चालक समितिमा र क्याम्पस सञ्चालक समितिले सजाय गरेको भए आफू सजायको भागी नहुनुपर्ने सबूत प्रमाण संलग्न गरी क्याम्पस प्रमुखमार्फत् क्याम्पस सभामा पुनरावेदन गर्न सकिने छ । यसरी भएको पुनरावेदनसम्बन्धी निर्णय अन्तिम हुने छ। तर क्याम्पस सभाले पुनरावेदनसम्बन्धी अन्तिम निर्णय लिनु पर्ने अवस्थामा सजाय कार्यान्वयन भए पछि बस्ने साधारण सभाबाट सोको निरूपण हुने छ ।

### ३६) विद्यार्थीको आचार संहिता र कारबाहीसम्बन्धी व्यवस्था

विद्यार्थीहरूले देहायको आचारसंहिताको पालना गर्नुपर्ने छ :

क) विद्यार्थीहरूले क्याम्पसमा भर्ना भएपछि क्याम्पसभित्र र बाहिर जहाँ सुकै कुनै पनि अनुशासनको पालना गर्नुपर्ने छ ।

ख) क्याम्पस प्रमुखको स्वीकृतिबिना क्याम्पस समयभित्र तथा अघिपछि क्याम्पस हाताभित्र कुनै कार्यक्रम, सम्मेलन आयोजना गर्न पाइने छैन ।

ग) क्याम्पसभित्र शैक्षिक वातावरण धमिल्याउन, कुटपिट, गालीगलौज गर्न र हातहतियार तथा निषेधित मालवस्तु लिई भेला हुन पाइने छैन ।

घ) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई गालीगलौज गर्न, लेखेर वा बोलेर वा इसारा गरेर वा भौतिक रूपमा कुनै अपमानजन्य कार्य गर्न पाइने छैन ।

ङ) क्याम्पसको चलअचल सम्पत्तिको दुरूपयोग वा हानिनोक्सानी गर्न पाइने छैन ।

च) विद्यार्थीहरूले माथि उल्लेखित आचारसंहिता उल्लङ्घन गरेमा सहायक क्याम्पस प्रमुख (शैक्षिक) वा निजको मातहतमा गठित उप समितिको सिफारिसमा आवश्यक कार्वाही छानबिन गरी विधानमा व्यवस्था भएबमोजिमको प्रक्रियाअनुरूप तपसीलबमोजिमका कारबाहीहरू गर्न सकिने छ :

१) नसिहत दिने,

२) हानिनोक्सानी भएको चलअचल सम्पत्तिको क्षतिपूर्ति भराउने,

३) अपराधको प्रकृतिअनुसार दण्ड जरिवाना गर्ने,

४) छोटो अवधिका लागि कक्षाबाट निलम्बन गर्ने,

५) क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निष्काशन गर्नुपर्ने अवस्था भएमा सहायक क्याम्पस प्रमुख प्रशासनिकमार्फत क्याम्पस प्रशासनको निर्णय गराई आवश्यक कारबाही गर्ने ।

## परिच्छेद – १०

### विद्यार्थी भर्ना तथा छात्रवृत्तिसम्बन्धी व्यवस्था

३७) विद्यार्थी भर्ना

त्रिभुवन विश्वविद्यालय तथा राष्ट्रिय परीक्षा बोर्डको प्रचलित नियमको अधीनमा रही क्याम्पस प्रशासनले विद्यार्थीहरू भर्ना गर्न सक्ने छ । विद्यार्थीले तिर्नुपर्ने भर्नालगायतका सम्पूर्ण शुल्कहरू क्याम्पस सञ्चालक समितिले तोकेबमोजिम हुने छ ।

३८) छात्रवृत्ति

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति समितिले कार्यविधि बनाई छात्रवृत्ति दिन सक्ने छ ।

## परिच्छेद – ११

### प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ तथा स्वतन्त्र विद्यार्थी युनियनसम्बन्धी व्यवस्था

३९) प्राध्यापक सङ्घ

क) त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससरह यस क्याम्पसमा पनि पब्लिक क्याम्पस प्राध्यापक सङ्घको विधान एवं नियमावलीको अधीनमा रहने गरी पब्लिक क्याम्पस प्राध्यापक सङ्घ इकाइ समितिलाई वैधानिकता प्रदान गरिने छ । सो विधान अनुरूप क्याम्पसमा सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट पब्लिक क्याम्पस प्राध्यापक सङ्घ इकाइ समिति गठन गरिने छ । क्याम्पसमा कार्यरत शिक्षकहरूको हक हितका अतिरिक्त क्याम्पसको समग्र विकासमा यथेष्ट सहयोग पुऱ्याउनु प्राध्यापक सङ्घको कर्तव्य हुने छ ।

ख) प्राध्यापक सङ्घको गठन, काम, कर्तव्य र अधिकारहरू तोकिएबमोजिम हुने छ । यस सम्बन्धमा यसै नियमावलीले निर्देशिका बनाई लागू नगरेसम्म त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घसम्बन्धी नियमका अधीनमा रही काम गर्नु पर्ने छ ।

४०) कर्मचारी सङ्घ

क) त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससरह यस क्याम्पसमा पनि पब्लिक क्याम्पस कर्मचारी सङ्घको विधान एवं नियमावलीको अधीनमा रहने गरी पब्लिक क्याम्पस कर्मचारी सङ्घ इकाइ समितिलाई वैधानिकता प्रदान गरिने छ । सो विधानअनुरूप क्याम्पसमा सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट पब्लिक क्याम्पस कर्मचारी सङ्घ एकाइ समिति गठन गरिने छ । क्याम्पसमा कार्यरत कर्मचारीहरूको हक हितका अतिरिक्त क्याम्पसको समग्र विकासमा यथेष्ट सहयोग पुऱ्याउनु कर्मचारी सङ्घको कर्तव्य हुने छ ।

ख) कर्मचारी सङ्घको गठन, काम, कर्तव्य र अधिकारहरू तोकिएबमोजिम हुने छ । यस सम्बन्धमा यसै नियमावलीले निर्देशिका बनाई लागू नगरेसम्म त्रिभुवन विश्वविद्यालय कर्मचारी सङ्घसम्बन्धी नियमका अधीनमा रही काम गर्नु पर्ने छ ।

४१) स्वतन्त्र विद्यार्थी युनियन

क) त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससरह यस क्याम्पसमा पनि विधान एवं नियमावलीको अधीनमा रहने गरी स्वतन्त्र विद्यार्थी युनियनलाई वैधानिकता प्रदान गरिने छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमध्ये सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट स्वतन्त्र विद्यार्थी युनियनको गठन गर्न सकिने छ । विद्यार्थीहरूको हक हितका अतिरिक्त क्याम्पसको समग्र विकासमा यथेष्ट सहयोग पुऱ्याउनु स्वतन्त्र विद्यार्थी युनियनको कर्तव्य हुने छ ।

ख) स्वतन्त्र विद्यार्थी युनियनको गठन, काम, कर्तव्य र अधिकारहरू तोकिएबमोजिम हुने छ । यस सम्बन्धमा यसै नियमावलीले निर्देशिका बनाई लागू नगरेसम्म त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियनसम्बन्धी नियमका अधीनमा रही काम गर्नु पर्ने छ ।

## परिच्छेद – १२

## व्यक्तिगत अभिलेखसम्बन्धी व्यवस्था

### ४२) व्यक्तिगत अभिलेखसम्बन्धी व्यवस्था

क्याम्पसका शिक्षक तथा कर्मचारीहरूको देहायका विवरणहरू समावेश हुने गरी व्यक्तिगत अभिलेख क्याम्पस प्रशासन कार्यालयमा राखिने छ ।

क) व्यक्तिगत अभिलेखमा शिक्षक तथा कर्मचारीहरूको प्रमाणित जन्म मिति, शैक्षिक योग्यता, तालिम बिदालगायत निजले पाएका पुरस्कार, सजाय समेतको अभिलेख राखिने छ ।

ख) अभिलेखमा दर्ता भएको जन्म मितिअनुसारको उमेरलाई नै उमेरको हद मानिनेछ । यसमा प्रत्येक शिक्षक तथा कर्मचारीहरूको सेवासम्बन्धी विवरण, अनुशासन तथा कर्तव्य पालनासम्बन्धी सम्पूर्ण विवरण समावेश गरिने छ ।

ग) व्यक्तिगत अभिलेख गोप्य राख्नु पर्ने छ । क्याम्पस प्रमुखको आदेशबिना असम्बन्धित व्यक्ति वा निकायलाई उपलब्ध गराइने छैन । तर शिक्षक, कर्मचारी तथा विद्यार्थीका शैक्षिक विवरणहरू, अभिलेखहरू तथा सूचनाहरू शैक्षिक व्यवस्थापन तथा सूचना समिति मार्फत वेवसाइटमा राख्न सकिने छ ।

## परिच्छेद – १३

## विविध

### ४३) नियमावलीको व्याख्या

यस नियमावलीको व्याख्या क्याम्पस सञ्चालक समितिले गर्ने छ । तर विशेष कारण र परिस्थितिमा क्याम्पस सभाले व्याख्या गर्न बाधा पर्ने छैन ।

### ४४) विनियम तथा निर्देशिका बनाउन सकिने

क्याम्पसको स्वीकृत विधान एवं नियमावलीसँग नबाझिने गरी क्याम्पस सञ्चालक समितिले क्याम्पस सञ्चालनका लागि आवश्यक विनियम तथा निर्देशिका बनाई लागू गर्न सक्ने छ ।

### ४५) स्वीकृति लिनुपर्ने

क्याम्पसका स्थायी शिक्षक तथा कर्मचारीले अन्य कुनै संस्था वा निकायमा वैतनिक रूपले कामकाज गर्नुपूर्व क्याम्पस सञ्चालक समितिको स्वीकृति अनिवार्य लिनुपर्ने छ । साथै स्थायी शिक्षक तथा कर्मचारीहरूले अन्य कुनै सरकारी वा नेपाल सरकारको स्वामित्व भएको सङ्घ संस्था वा निकायमा स्थायी पदको नियुक्ति लिन सक्ने छैनन् ।

### ४६) काजमा खटाउन सकिने

क्याम्पस सञ्चालक समितिका पदाधिकारी, क्याम्पसका पदाधिकारी वा शिक्षक तथा कर्मचारीहरूलाई क्याम्पसको कामको सिलसिलामा एक पटकमा बढीमा १५ दिन काजमा खटाउन सकिने छ । क्याम्पसका शिक्षक तथा कर्मचारीलाई क्याम्पस प्रमुखले, सञ्चालक समितिको पदाधिकारी र क्याम्पस प्रमुखलाई क्याम्पस सञ्चालक समितिको अध्यक्षले काजमा खटाउन सक्ने छ । तर ७ दिनसम्मको आफ्नो काज क्याम्पस प्रमुख आफैले क्याम्पस सञ्चालक समितिको अध्यक्षलाई जानकारी गराई स्वीकृत गर्न सक्ने छ । यसरी काजमा खटिएका शिक्षक तथा कर्मचारी काजबाट फर्की आएपछि सम्पादित कामको

प्रतिवेदन पेस नगरी दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिइने छैन । तर कुनै पनि शिक्षक तथा कर्मचारी अन्य कुनै शिक्षण संस्था वा निकायमा क्याम्पस सञ्चालक समितिको निर्णयबमोजिम क्याम्पसलाई बाधा नपर्ने गरी सम्बन्धित संस्था वा निकायबाटै तलब भत्ता खाने गरी काजमा खटाउन यस नियमले बाधा पारेको मानिने छैन ।

४७) पोसाक दिन सकिने

क्याम्पसमा कार्यरत स्थायी कार्यालय सहयोगी तथा सो स्तरका कर्मचारीहरूलाई वर्षको एक पटक क्याम्पस प्रशासनले तोकेको पोसाक दिन सकिने छ ।

४८) क्याम्पस समय:

शिक्षणतर्फ: पूर्णकालीन शिक्षक तथा कर्मचारीहरूको क्याम्पस समय अवधि ७ (सात) घण्टाको हुने छ । पूर्णकालीन शिक्षकहरूको समय अवधि बिहानी समूहमा ६:०० बजेदेखि दिउँसो १:०० बजेसम्म हुने छ । दिवा समूह र रात्रि समूहमा अध्यापनरत शिक्षकहरूले क्याम्पसमा तोकेको समयमा अध्ययन अध्यापन गराएवापत आर्थीक प्रशासनिक नियमावलीअनुसार थप पारिश्रमिक प्रदान गरिने छ ।

प्रशासनतर्फ: पूर्णकालीन कर्मचारीहरूको समय अवधि ७ (सात) घण्टाको हुने छ । तोकिएको क्याम्पस समयबाहेक थप काम लगाउनुपर्ने भएमा क्याम्पसको आर्थिक अवस्थासमेतलाई विचार गरी अतिरिक्त समय काम गरे बापतको पारिश्रमिक दिन सकिने छ । पारिश्रमिक भुक्तानी गर्दा अतिरिक्त समय खट्ने कर्मचारीले खाइपाई आएको सुरु तलबलाई आधार मानी क्याम्पस प्रमुखले निर्णय गरेबमोजिम हुने छ ।

४९) शिक्षकहरूको कक्षा भार

शिक्षकहरूको कक्षा भार निम्नअनुसार हुने छ ।

क) सहायक क्याम्पस प्रमुखहरूले स्नातक तहमा हप्तामा कम्तीमा १२ पिरियड अध्यापन गराउनु पर्ने छ र बाँकी समय प्रशासनिक कार्य तथा अनुसन्धानमूलक कार्य गर्नु पर्ने छ ।
ख) निवर्तमान क्याम्पस प्रमुखले स्नातक तहमा हप्तामा कम्तीमा १२ पिरियड अध्यापन गराउनु पर्ने छ र बाँकी समय अनुसन्धानमूलक कार्य गर्नु पर्ने छ ।
ग) संकाय प्रमुखहरू, विभागीय प्रमुखहरू, उपप्राध्यापकहरूले हप्तामा कम्तीमा १८ पिरियड, बाँकी समय अनुसन्धान तथा प्रशासनिक कार्य गर्नुपर्ने छ ।
घ) सहायक प्राध्यापक/शिक्षण सहायकले सम्बन्धित नियुक्ति मितिले सुरुको ४ वर्ष हप्तामा कम्तीमा २४ पिरियड तथा सो अवधि पुरा भएपछि हप्तामा कम्तीमा १८ पिरियड अध्यापन गराउनु पर्ने छ ।
ङ) स्नातकोत्तर तहमा - प्रति सेमेष्टर कम्तीमा १२ क्रेडिट घण्टा हुने छ ।

- अतिरिक्त कक्षा सम्बन्धमा

बिहानी समूहतर्फ

क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखले सम्बन्धित विषय शिक्षकको अभाव भएमा बाहेक बिहानी समूहमा अतिरिक्त कक्षा अध्यापन गराउन पाउने छैनन् । विभागीय प्रमुख तथा अन्य शिक्षकहरूले हप्तामा बढीमा १२ पिरियड अतिरिक्त कक्षा अध्यापन गराउन पाउने छन् ।

दिवा समूहतर्फ

क्याम्पस प्रमुखले हप्तामा बढीमा ६ पिरियड, सहायक क्याम्पस प्रमुखहरू र सङ्काय प्रमुखहरूले बढीमा १२ पिरियड, विभागीय प्रमुख तथा अन्य शिक्षकले बढीमा १८ पिरियड अध्यापन गराउन पाउने छन् । सम्बन्धित विषयमा शिक्षक अभाव भएमा थप १ पिरियड अध्यापन गराउन यस नियमले बाधा पर्ने छैन ।

बेलुकी समूहतर्फ (स्नातकोत्तर तह)

क्याम्पस प्रमुखले कुल चार सेमेस्टरमा बढीमा १२ क्रेडिट
सहायक क्याम्पस प्रमुखले कुल चार सेमेस्टरमा बढीमा १५ क्रेडिट
सङ्काय प्रमुख तथा विभागीय प्रमुखले कुल चार सेमेस्टरमा बढीमा १८ क्रेडिट
अन्य शिक्षकहरूले कुल चार सेमेस्टरमा बढीमा १८ क्रेडिट
तोकिएको पाठ्यभारभन्दा बढी कक्षा अध्यापन गराएमा क्याम्पसको शैक्षिक गतिविधिमा योगदान मानिने छ ।
अतिरिक्त कार्यतर्फ

कर्मचारीहरूको प्रतिघण्टा पारिश्रमिक = $\frac{\text{प्रतिघण्टा कार्य समय} \times \text{तलब रकम}}{\text{७ (सात)}}$

५०) विषय थप-घट, गाभ्न-हटाउन तथा कन्ट्रयाक्टमा पढाउन सकिने

क्याम्पसमा कुनै सिफ्टमा सञ्चालन भइरहेका विभिन्न तह तथा विषयहरू अर्को सिफ्टमा पनि आवश्यकता महशुस हुँदा थप्न सकिने छ । यदि कुनै विषयमा एक सिफ्टमा कम्तीमा स्नातकोत्तर तहमा ५, स्नातक तथा +२ मा ७ जना विद्यार्थी भर्ना भई नियमित अध्ययन नभएको अवस्थामा उक्त विषय अर्को सिफ्टमा गाभ्ने वा कन्ट्रयाक्टमा अध्यापन गराउनेसम्बन्धी निर्णय क्याम्पस प्रशासनको सिफारिसमा सञ्चालक समितिले गर्न सक्ने छ ।

५१) पुस्तकालयसम्बन्धी व्यवस्था

क्याम्पसलाई आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका तथा अन्य पाठ्य सामग्री खरिद गर्न, प्राप्त गर्न, सुरक्षा गर्न पुस्तकालय सञ्चालन तथा रेखदेख गर्न पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन समिति गठन हुने छ ।

५२) नियमावली संशोधन

यस नियमावलीमा उल्लेखित परिच्छेद नियम, उप-नियम, खण्ड तथा उप-खण्डको कुनै व्यवस्थामा संशोधन फेरबदल वा थप घट गर्नुपर्ने भएमा क्याम्पसको स्वीकृत विधानमा नबाझिने गरी क्याम्पस सञ्चालक समितिको सिफारिसमा क्याम्पस सभाबाट निर्णय गरी संशोधन (फेरबदल वा थपघट) गर्न सकिने छ, तर तत्काल क्याम्पस सभाको बैठक बस्न नसक्ने भएमा आगामी क्याम्पस सभाबाट अनुमोदन गराउने गरी क्याम्पस सञ्चालक समितिको दुई तिहाइ बहुमतबाट संशोधन गरी कार्यान्वयनमा ल्याउन यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

५३) खारेजी तथा बचाउ

यस नियमावलीमा लेखिएका बाहेक अरु विषयमा प्रचलित नियमबमोजिम हुने छ । यो नियमावली लागू हुनु अघि भए गरेका काम कारबाहीहरू यसै नियमावलीअनुरूप भए गरेको मानिने छ ।

'समाप्त'